# खेलकुद सेवकाई
# र
# मण्डली

## चर्च स्पोर्टस् इन्टरनेशनल्

द्वारा तयार पारिएको पुस्तिका

**लेखक**
**रोजर ओस्वाल्ड**

यस पुस्तकमा भएका कुनै पनि सामग्री प्रकाशन गर्न प्रकाशकको अनुमति लिनुपर्नेछ ।

# खेलकुद सेवकाई

# र

# मण्डली

**सेवकाईको सिद्धान्त जसले खेलकुदलाई मण्डलीमा समावेश गराउन सहयोग गर्दछ**

# विषय सूची

*पेज*

*परिच्छेद १*


**खेलकुद सेवकाईलाई मण्डलीको रणनीतिमा समावेश गर्दा** १

१ मण्डलीमा खेलकुद सेवकाईको निम्ति दर्शन सम्बन्धी र व्यवहारिक आधार १

खेलकुद कार्यक्षत्र हो

खेलकुद फसल भूमिमा काम गर्ने एक औंजार हो

खेलकुद स्थानीय मण्डलीको लागि एउटा विशिष्ट माध्यम हो

खेलकुद र 'अन्तर संस्कृति' सेवकाई प्राकृतिक हुन्

खेलकुद र मण्डली स्थापना संग संगै जान्छन्

खेलकुद र चेलापन संग संगै जान्छ


*परिच्छेद २*


**खेलकुद सेवकाईमा आउने प्रतिकारको सामना गर्ने** ९

**२ सेवकाईको वास्तविकता** ९

आदेश

माध्यमः मानिस र मण्डली

विधि प्रणाली

**३ आध्यात्मवादी प्रतिकार** १०

वचनको सिद्धान्तहरु

बाइबलीय आधारमा प्रतिरक्षात्मक

**४ व्यक्तिगत/व्यवहारिक प्रतिकार** १२

घमण्ड वा अलमल्ल पर्नु

तटस्थ

**५ रुपदर्शन परिवर्तन** १२

परिवर्तन

रुपदर्शन परिवर्तन माथि प्रतिकार

चेताउनी

**निश्कर्ष** १३

कार्यमण्डल वक्तव्य

अगुवापनको समर्थन

कार्यक्रम विकास र प्रयोजनका निम्ति रणनीति


## परिशिष्ट


**उदाहरणः** मण्डली अभियान १६

**उदाहरणः** गतिशिल सम्बन्ध – मण्डली संग सम्बन्धमा जोड्ने १७

**उदाहरणः** खेलकुद सेवकाईको अभियान वक्तब्य १८

*परिच्छेद १*

# खेलकुद सेवकाईलाई मण्डलीको रणनीतिमा समावेश गर्दा

१

## मण्डलीमा खेलकुद सेवकाईको *निम्ति* दर्शन सम्बन्धी र व्यवहारिक आधार

समय संगै, मण्डलीले आफूलाई उद्देश्य वा कार्यक्षेत्र सम्बन्धी वार्तामा सम्लग्न भएको पाएको छ र आराधना, प्रचार र चेलापन संग सम्बन्धित तनाव छलफलको विषय बन्ने गरेको छ । डा. रोबर्ट ससी, बाइबल विशेषज्ञ र कार्यक्षेत्रका विशेषज्ञले लखेको एउटा लेखमा सबै चर्चाका विषयलाई संक्षेपमा प्रस्तुत गरेको पाउँछौं जब उनले मण्डलीको मौलिक उद्देश्य र कार्यक्षेत्र परमेश्वरको महिमामा केन्द्रित हुनु हो भनि पहिचान गरेका छन् (प्रकाश ४:११; ऐफिसी १:६,१२,१४; ३:२१) । किनभने परमेश्वरको महिमा “परमेश्वरको प्रकृति, उहाँको सृष्टि र व्यवहारद्वारा प्रकाश परिएको भन्दा केही कम छैन” मण्डलीले परमेश्वरको महिमा गर्दछ जब उसले मण्डली मार्फत उहाँलाई प्रस्तुत गर्न चाहन्छ – आराधनामा, हराएकाहरुको माझमा जाँदा र सन्तहरुको निर्माण गर्ने क्रममा । तथापि, डा. ससीले यदि प्राथमिकता दिने हो भने, प्रचार सबै भन्दा माथिल्लो स्थानमा आउँछ किनभने हाम्रो परमेश्वर छुट्कारा दिने परमेश्वर हुन् – बचाउने प्रक्रियामा जुटेको परमेश्वर । मुक्तिको उद्देश्य र प्रक्रियाको निम्ति नै मण्डली प्रारम्भ गरिएको हो (मत्ति १६:१८; ऐफिसी ५:२३–३२); त्यसकारण, यो कुरा मण्डलीको काममा माथिल्लो स्थानमा हुन जरुरी हुन्छ । पक्कै पनि परिपक्वले पुनरुत्पादन गर्दछ; त्यसैले, चेलापन रणनीति हो । किनभने हामी आज्ञाकारीताको सम्बन्धमा स्थिर हुनु (यूहन्ना १५:५;१४:२१) बाहेक “केही पनि गर्न सक्दैनौं” जो हाम्रो सामूहिक भेलाद्वारा (हिब्रु १०:२४, २५; प्रेरित २:४२) सुसज्जित हुन्छ, आराधना हाम्रो विश्वास र अभ्यासको उल्लेखनिय प्रस्तुति बन्छ ।

हामीले प्रेरितमा, जसै मण्डली विकास भएको देख्छौं र पहिलो र दोस्रो तिमोथी र तीतसमा मण्डलीको निम्ति स्तर र मार्गदर्शक घोषणा भएको पाउँछौं, कुनै पनि व्यक्तिले स्थानीय देहको ‘स्वरुप’ र ‘कार्य’ देख्न थाल्नेछ । मण्डली माथि भएको बोलावट आराधनाद्वारा माथि पुग्न र भित्री मानसिक उन्नतिको लागि हो जसले अन्तत ख्रिष्टको ‘सु-समाचार प्रचार गर,’ ‘क्षमादान घोषणा गर,’ ‘चेला बनाउ,’ ‘उहाँको साक्षि बन’ भन्ने आदेशलाई आज्ञाकारितामा बाहिरि पुर्‍याउने छ – जसको परिणाम स्वरुप परमेश्वरलाई महिमा मिल्नेछ ( मर्कूस १६:१५; लूका २४:४७; मत्ति २८:१९; प्रेरित १:८) ।

जसै खेलकुद र मानोरञ्जनलाई कसैले अपनाउँछ, प्रश्नहरु सोधिन सक्छ, ‘आराधनाको जीवनशैलीद्वारा परमेश्वरलाई महिमा दिने, सेवकाईको निम्ति सन्तहरुको निर्माण गर्ने र हराएकाहरुलाई जीवनको सन्देशको घोषणा गर्ने मण्डलीको प्रयासमा यसले के गर्न सक्छ ?’ सु-समाचार र प्रेरितका पुस्तकमा भएको आज्ञा प्रदान गर्दाको क्रमलाई पहिचान गर्ने हो भने त्यो ‘येरुशलेम’ मा सुरु भएर बृहत क्षेत्रमा फैलिन्छ जुन समस्त संसार सम्मै पुग्दछ, मण्डलीको लागि चुनौती भनेको यस कार्यलाई पूरा गर्न उचित प्रक्रिया पहिचान गर्नु हो । परमेश्वरको विश्वव्यापी अभियानलाई पूरा गने मण्डलीको रणनीतिमा खेलकुद र मनोरञ्जन काहाँ अटाउँछ ? त्यो स्थानीय र संसार भर दुवै ठाउँमा अटाउँछ ।

खेलकुद र मनोरञ्जन मण्डलीको रणनीतिको आवश्यक अंग हो भनी जान्नको निम्ति निम्न उपयुक्त अन्तर्दृष्टिहरु केहि हुन्:

### *खेलकुद कार्यक्षत्र हो*

खलकुद, भेला र पारस्परिक गतिविधिको सम्बन्धमा, स्वयं फसलको निम्ति अद्‌भूत भूमि हो । मत्ति ९:३७ मा, जाहाँ येशूले भन्नुभयो, ‘फसल प्रशस्त छ तर खेतालाहरु थोरै छन्,’ उहाँले हाम्रो निम्ति खेती र सु-समाचार प्रचार सम्बन्धी उदाहरण दिइरहनु भएको थियो । यद्यपि केही कृषकले गहुँ फलाउँछन भने, अर्कोले धान वा मकै; संसारको फसल मैदान भिन्ना भिन्नै र छरिएको छ । यस सिद्धान्तलाई पहिचान गर्न

मण्डली इमान्दार भएको छ र संसारका 'नसमेटिएका' क्षेत्र प्रति सचेत भएका छन् – यस्ता भूमिमा फसल गर्न आर्थिक र मानवीय स्रोतमा केन्द्रित भएका छन्, उदाहरणको लागि,' १०-४० झयाल' र 'मानवीय समूह चयन गर्न' । यो अचम्मको कुरा हो कि मण्डलीले त्यही 'नसमेटिएका भूमि' देख्दैनन जसै उनीहरु शुक्रवार साँझ उच्च माध्यमिक विद्यालयमा वा व्यायाम केन्द्रमा, वा शनिवार कलेजको 'गिर्जाघरहरु' जसले दशौं लाखलाई एकत्रित गर्दछ, वा आइतवार जब टिभि मार्फत लाखौं 'खेलकुद मन्दिरमा' आराधना गर्छन् ।

अमेरिकामा मात्रै, ३०० लाख युवाहरु खेलकुदका क्रियाकलापमा समावेश हुन्छन् भने, अरु ८००-९०० लाख अभिभावकहरु, प्रशिक्षकहरु र भित्रि व्यक्तिहरु नजिकवाट सम्लग्न हुन्छन् दशौं लाख भन्दा बढि रंगशाला र अखाडामा भेला हुन्छन् । **के तपाईं अन्दाज गर्नुहुन्छ कि यि फसलको भूमि हुनसक्छ ?**

### *खेलकुद फसल भूमिमा काम गर्ने एक औंजार हो*

यद्यपि खेलकुदको संगठन दशौं लाख मानिसहरु भेट्ने ठाउँ हो, सहभागी वा अनुयायीलाई सु-समाचारको घोषणा गर्न प्रभावकारी रुपमा संचालन गर्न सक्छौं । यदि भीडमा प्रवेश गर्न चाहनुहुन्छ भने, त्यहि भीडको कसैले गर्नु भन्दा उत्तम उपाय अरु के हुनसक्छ यदि तपाई खेलाडि माझ पुग्न चाहनुहुन्छ भने, खेलाडि बाहेक अरु को उत्तम हुनसक्छ । वास्तवमा, परमेश्वरलाई हामी सम्म पुग्नलाई के चाहियो त ? ख्रिष्टलाई मानव शरीर धारण गर्नुपर्‍यो ।

हाम्रो संस्कृति खेलाडि संग विपरीत हुन्छ; गल्तीले, उनीहरुले त्यसलाई आराधना गर्छन् । कति ताजा हुन्छ यो सोँच्न पाउँदा कि खेलाडिले आफ्नो जीवन ख्रिष्टलाई दिनसक्छन् र येशू ख्रिष्टको उदाहरण र प्रवक्ता बन्न सक्छन् । खेलाडिलाई दिइएको स्थान सु-समाचारको निम्ति शक्तिशालि संयन्त्र हुनसक्छ । जब येशूले आफ्नो चेलालाई भिन्ना भिन्नै समय र स्थानमा माछा मार्न सिकाउनुभयो(लूका ५:४; यूहन्ना २१:६), उहाँले प्रकृति माथि आफ्नो शक्ति र अधिकार प्रस्तुत गरिरहनु भएको थियो, तर त्याहाँ सिक्नुपर्ने अर्को पाठ पनि झुण्डिएको छ कि माछा समात्ने एक भन्दा बढि तरिका छन्(फसल कटनी गर्ने) र उहाँले मानिसहरुलाई समेट्नको लागि चेलाहरुलाई बोलाउनुभयो । वचनले पटक पटक भन्छ कि ख्रिष्टको देह एक अर्को संग भिन्न छ र त्यसै गरि वरदानहरु पनि भिन्न छन्; प्रचारक पावलले उल्लेख गरेका छन् कि ग्रीकका लागि म ग्रीक हुन्छु र यहूदीका लागि म यहूदी हुन्छु । **के उनी खेलाडि वा प्रशिक्षक वा अनुयायी बन्ने थिए त्यो समूहका मानिसहरु माझ जान ?**

### *खेलकुद स्थानीय मण्डलीको लागि एउटा विशिष्ट माध्यम*

खेलका पक्षहरु प्रत्येक संस्कृतीका अंग हुन्; खेलकुद शहर वा गाउँ दुवै ठाउँमा पाउन सकिन्छ, ईसाई, बौद्ध धर्मावलम्वी, वा मुसल्मान, धनी वा गरीब । किनभने खेलकुद धेरै व्यापक छ, सम्भवत यसलाई मैत्रि रुपमा हेर्नुपर्छ शत्रुको रुपमा लिनु हुँदैन; सम्भवतः खेलकुदमा परिणाम ल्याउन सक्ने क्षमता छ भनि पहिचान गर्नुपर्छ – र प्रभावकारी रुपमा त्यो हासिल गर्नुपर्छ – जो हासिल भएका छैनन् वा हासिल गर्न गाह्रो भएको सावित भएका छन् ।

यदि मण्डलीले खेलकुद र मनोरञ्जनलाई आफ्नो सेवकाईको एउटा अंग बनाएको खण्डमा निम्न फाइदाहरु मण्डलीमा भित्र्याउन सकिन्छः

१. **सु-समाचार प्रचारको एक रणनीति** – खेलकुदमा सहज स्थान हुनेहुँदा मानिसले आफ्नो विश्वासको बारेमा अरुलाई भन्ने मौका पाउँछन्; अन्यजातिलाई विश्वासीको संगतीमा आकर्षण गर्न कार्यक्रमहरुलाई मिलाउन सकिन्छ । खेलकुद गतिविधि हराएकाहरु सम्म पुग्न र भित्र्याउन सजिलो बनाउँछ ।

२. **चेलापनको निम्ति एउटा माध्यम** – खेलकुदको 'दृश्य' एउटा माहान कक्षाकोठा हो । वचन अनुसार, परीक्षाले मानिसको विश्वासलाई निर्खाछ; कडा परीक्षाको लागि प्रतिस्पर्धा भन्दा उपयुक्त अरु छैन किनकी कुनै पनि व्यक्ति बोलिमा मात्र नभई जीवन जीउन पनि सक्छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ । युवाहरु संग काम गर्दा खेलकुद प्रयोग गरेको खण्डमा बाइबलीय सिद्धान्त जीवीत हुने मौका पाउँछ जब उनीहरुले आफूले स्मरण गरेको पदहरु व्यवहारमा ल्याउने मौका पाउँछन् ।

३. **संगतीको लागि एउटा माध्यम** – यदि ख्रिष्टको देह जसले कोइनोनियाको अभ्यास गर्छ (सन्तहरुको उत्सव) वा यदि त्यो विश्वासी जसले अविश्वासीहरु

माझ सु-समाचार प्रचारको जीवनशैलीको अभ्यास गर्छ, खेलकुद र मनोरञ्जनले मानिसहरु संग प्रतिक्रिया गर्न थुप्रै मौकाहरु प्रदान गर्दछ । ठूला मण्डलीलाई खेलकुद र मनोरञ्जनले आत्मियता भएको सानो समूह बनाउन सहयोग गर्दछ; यसले ठूला र साना मण्डलीलाई गहिरो सम्बन्ध विकास गर्न सहयोग पुऱ्याउँछ, र यसले कुनै पनि मण्डली र व्यक्तिलाई प्रेम गर्न गाह्रो हुने खालका मानिसलाई स्नेह पूर्ण रुपमा प्रेम गर्न मदत गर्छ ।

४. साहायताको निम्ति एउटा स्रोत – खेलकुद सेवकाई मण्डलीको अन्य सेवकाईको निम्ति एउटा सम्पत्ति हुनसक्छ; यो बालक, युवा, एकल वा बृद्धहरुको विभाग, मण्डलीको स्थानीय सु-समाचार प्रचार वा विश्वव्यापी कार्यदल विभाग वा अन्य थुप्रै साना सेवकाई संगै आउन सक्छ र उनीहरुको लक्ष्य हासिल गर्न पनि सहयोग पुऱ्याउन सक्छ ।

५. सेवा गर्न सिकाउने शिक्षक – किनकी खेलकुद सेवकाईका स्वयं सेवकहरु प्राय जसो अभिभावक हुने गरेको र जाहाँ आफ्नो नानीहरु सम्लग्न छन् सोहि क्षेत्रमा काम गर्ने हुँदा र मानिसले आफू परिचित भएको र आफूलाई सजिलो हुने ठाउँ खोज्ने हुँदा उनीहरु खेलकुद र मनोरञ्जन सेवकाईमा आर्कषित हुन्छन् । यो क्षेत्रमा उनीहरु चेला बनाइन र तालिम हासिल गर्न सक्छन् र उनीहरुले येशूको र मण्डलीको सेवा गर्नु भनेको के हो भन्ने कुरा राम्रो संग बुझ्न सक्नेछन् ।

६. अगुवाहरुका प्रशिक्षक – केहि मानिसहरु अरु भन्दा तालिम प्राप्त गर्ने खाल्का हुन्छन्, सजिलै उपलब्ध हुन्छन्, परिश्रमी र इमान्दार हुन्छन् खेलकुद सेवकाईले यस्ता मानिसलाई सेवा र अगुवापनको क्षेत्रमा तालिम दिन सहयोग पुऱ्याउँछ ।

७. जारी राख्नु – जव संसारले जवान मानिसलाई तानिरहेको हुन्छ जो १३ देखि १९ वर्ष बीचको हुन्छ, खेलकुद सेवाकाई मात्रै एउटा यस्तो क्षेत्र हुनसक्छ जो संसार र उनीहरुको बीचमा आउँछ । जवान मानिस वचन सम्बन्धी पाठ, मण्डलीको बाल कक्षाका शिक्षक वा मण्डली जाने उनका मित्रहरु संग सम्लग्न नहुन सक्छ । यति बेला खेलकुद सेवकाई महत्वपूर्ण हुन्छ; यसले उसलाई मण्डली संग बाँधिराख्छ ताकि परमेश्वरको वचन उसलाई सिकाउन सकिन्छ र जीवनमा लागू गराउन सकिन्छ – जसलाई उसको हृदयमा रोप्न सकिन्छ । त्यो एकै पटकमा फस्टाउन नसक्ला, तर जति लामो समय सम्म त्यो बीउ जवान मानिसको हृदय रह्यो, त्यति नै त्यो बीउले फल फलाउन सक्छ । यो सिद्धान्त वयस्कहरुको लागि पनि लागू हुनसक्छ । धैरै यस्ता वयस्कहरु पनि छन् जो आत्मिकि रुपमा संघर्ष गर्छन्, र सफल ईसाई संग निरन्तर अघि सर्म्पकमा बढ्ने यो मौका हुनसक्छ जसले गर्दा उसले आफ्ना जीवनमा उत्तरदायित्वको लागि निम्त्याउन सक्छ ( उदाहरण र वचनद्वारा) र, परिणाम स्वरुप उनीहरुको जीवन परिर्वतनमा सहयोग गर्नु हो । जसै उनीहरु खेलकुदको माध्यमद्वारा प्रत्येक हप्ता संगती गर्न आउँछन् वास्तविक ईसाई प्रेम निरन्तर प्रस्तुत गर्न सकिन्छ ।

८. परमेश्वरको बोलावटको लागि मार्ग – खेलकुद सेवकाईमा छरितो भएर सेवा गर्नु आफ्नो जीवनमा परमेश्वरवाट पूर्ण रुपले सेवा गर्ने बोलावट प्राप्त गर्ने माध्यम हुनसक्छ – खेलकुद सेवक, पास्टर, प्रचारकको रुपमा ।

९. कार्यक्षत्रको निम्ति संयन्त्र र उत्साह – किनभने खेलकुद अन्तराष्ट्रिय गतिविधि हो, खेलकुद र प्रचारक मण्डल विभाग बीचको सामूहिक सेवकाईले मण्डलीको कार्य 'माहान आज्ञा' पालन गर्न सकिन्छ । खेलाडिहरु र खेलाडिहरुको समूह जो कार्यक्षत्रमा प्रचारक मण्डल भएर सेवा गर्दछन् उनीहरुले मण्डलीको विस्तार गर्ने प्रयत्नमा सहयोग गर्छन्, र यो प्रयत्नले दोस्रो पुस्ताको प्रचारक मण्डल उत्पादन गर्दछ, मण्डलीको देहलाई भरपर्दो प्रचारको कार्यक्रम बनाएर उत्साह प्रदान गर्दछ ।

***खेलकुद र 'अन्तर संस्कृती' सेवकाई प्राकृतिक हुन्***

युगको कुनै पनि अवस्थामा अहिले जस्तो विश्वका मानिसहरु अन्य भागहरुमा पुगेका थिएनन् ।

१. स्थानीय स्तरमा – अमेरिकाको समुदायमा भेतनाम, कम्वोडिया, कोरिया, जापान, मेक्सिको, चीन, र अन्य थुपै जातीहरु छन् । येलो पेजमा स्कट ल्यान्ड, इटाली, हवाइ, फान्स, अष्ट्रेलिया र थुपै अन्य

ठाउँवाट आएका मानिसहरुका विभिन्न सामाजिक कल्बको विज्ञापन गरेका पाइन्छ उनीहरु याहाँ छन् । मुसल्मानहरु लण्डनमा छन, र्जमनका मानिसहरु र्अजेन्टिनामा, जापानीहरु फिलिपिन्स्मा र अंगेजहरु केन्यामा छन् । एक संस्कृतिका मानिस अर्को संस्कृतिका संग संगती गर्नको निम्ति 'खेलकुद' प्राकृतिक हो । यदि खेल एकै हो भने भाषाले पनि कुनै असर पुऱ्याउँदैन । खेलकुदद्वारा सांस्कृतिक भिन्नता र नयाँ संस्कृतिमा आउँदा प्राकृतिक रुपमा आउने शंका माझ पल निर्माण गर्न सकिन्छ ।

२. विदेशमा – खेलकुदमा भएको विश्वव्यापी चासोका कारण, खेलाडिहरु अन्य मानिसहरु जान नपाउने ठाउँ र भेट्न नपाउने मानिसहरु माझ पुग्न सक्छन् । खेलकुदको अन्तराष्ट्रिय भाषाको कारण धेरै अवरोधहरु तोडिन्छ, सम्बन्ध स्थापना हुन्छ, र, जसको परिणाम स्वरुप, सु-समाचार बाँडिन्छ । धेरै जसो जनसंख्या बढि भएका देशहरु प्रचारको व्यवस्थित कामको निम्ति प्रतिबन्धित छन्, र र्धामिक र राजनैतिक प्रतिबन्धको कारण प्रचारका प्रयासहरुमा बाधा पुगेका छन् तथापि, त्यस्ता देशहरुले प्रशिक्षक र खेलाडिहरुलाई स्वागत गर्छन् !!

***खेलकुद र मण्डली स्थापना संग संगै जान्छन्***

तल उल्लेख भएका घटना खेलाडिहरुको प्रचार मण्डल जसले बास्केट बललाई फिलिपिन्स्मा मण्डली स्थापना र बृद्धिको माध्यम बनाएका थिए, उनीहरुको वास्तविक जीवनको अनुभव हो - यो समूह घुम्ने इच्छामा बाँधिएका थिएनन्, नत उनीहरु बृहत प्रचारशैलीमा इच्छुक थिए । छ हप्ताको अवधिमा, एक ठाउँमा कम्तिमा एक हप्ता बस्नको लागि सर्मपित थिए र बास्केट बलको माध्यमद्वारा बृहत सेवकाईको निम्ति बन्द साँचो खोल्न प्रयोग गर्दै बिभिन्न प्रकारले सेवा गर्न सर्मपित थिए :

एक मण्डलीले मानिसहरुको समूह जो बास्केटबल खेल्दथे उनीहरुलाई फिलिपिन्स् पठाए । यिनीहरु निकै स्तरिय खेलाडि थिए उनीहरु यस्ता मानिसहरु थिए जो ख्रिष्ट येशूको सु-समाचारको सेवा गर्न चाहन्थे । त्याहाँ फिलिपिन्स्को एक स्थानिय व्यक्ति थिए जसले विभिन्न गाउँका समूहका निम्ति मिन्दानाव टापूमा बास्केट बल खेलको आयोजना गरे उनको व्यवस्थाको अद्भूत भाग भनेको उनीहरु त्याहाँ गाउँमा रहनुपर्थ्यो जाहाँ स्थानीय पाष्टर वा प्रचारकले मण्डली स्थापना र बृद्धिको काममा लगाउन चाहन्थे ।

जब समूह गाउँमा आइपुगे, उनीहरुले स्थानीय पाष्टर र सेवकहरु र्माफत मेयर वा अन्य सरकारी अधिकारीलाई सामाजिक निमन्त्रणा दिन्थे। यसले गर्दा सरकारी पदाधिकारिहरु संगै समूदायका मानिसहरुको बिचमा त्याहाँका पाष्टरहरुको स्तर उकास्न सहयोग पुग्यो । यसले गर्दा सेवक र पाष्टरहरुलाई पनि सरकारी पदाधिकारिहरु संग महत्वपूर्ण सम्बन्ध विकास गर्ने मौका दियो ।

पाष्टर र कहिले काहिँ एक भन्दा बढि मण्डली प्रभावित भएको खण्डमा पाष्टरको समितीले व्यवस्था गर्दथे र विज्ञापन गर्थे कि त्याहाँ खेल संग संगै खेलाडिहरुद्वारा प्रचार र शिक्षा दिने प्रचार अभियान वा न्याली वा रात्री बाइबल अध्ययन समावेश गरिन्छ । जबकि यस कुराले हाम्रो सम्बेदनशीलतामा ठेस पुऱ्याउला, विश्वासमा नभएकाहरु सेवक र पाष्टर भन्दा रुची पूर्वक अमेरिकावाट आएका खेलाडीहरु प्रति ध्यान दिएर सुनिरहेका थिए । (यसलाई नराम्रो प्रकारले लिइयो कि विश्वासमा नभएकाहरुको रुचिलाई गलत प्रकारले जगाइयो, तर यसले गर्दा उनीहरु त्याहाँ आए र उसले परमेश्वरको वचन नजिक आउन पाए)

खेल खेल्दा, मानिसहरु संग घुल्मील हुन र उनीहरु संग कुरा गर्न खेलाडिहरु सवेरै मैदानमा पुग्ने गर्थे; उनीहरुले कार्यक्रम वितरण गर्थे जसको बाहिर खेलाडिहरुको तस्वीर हुन्थ्यो, तर स्पष्ट सु-समाचारीय प्रस्तुतिलाई बास्केटबलको अनुरुप प्रयोग गरिनथ्यो कि जीवनको खेलमा पनि हामी गलत कदम उठाउँछौं, तर परमेश्वरले आफ्नो पुत्र मार्फत पूर्ण प्रतिनिधि प्रदान गर्नुभएको छ । कार्यक्रममा निशुल्क पत्राचार मार्फत गरिने बाइबलीय पाठ पनि समोवश थियो, यो सुविधा प्राप्त गर्नको निम्ति कुपनमा आफ्नो ठेगाना भर्नुपर्थ्यो ।

मध्यान्तरको समयमा, खेलाडिहरुले स्थानीय भाषामा सु-समाचारीय गीत गाउँथे, एक खेलाडिले आफ्नो जीवन गवाही दिन्थे र अर्कोले स्पष्ट सु-समाचार सम्बन्धि प्रस्तुति दिन्थे- कार्यक्रममा निर्देश गर्थे र निशुल्क बाइबल पाठको प्रस्ताव राख्थे । मानिसहरुको इच्छा बुझ्नको निम्ति कुपन वितरण गरेर पुनः संकलन गरिनथ्यो र प्रथम बाइबल पाठ वितरण गरिन्थ्यो ।

खेल पछि, बाइबलको पहिलो पाठ वितरण गर्दै गर्दा खेलाडिहरु मानिसहरु संग संगति गर्थे । त्याहाँका मानिसहरुले अनुमानात्मक बाइबल अध्ययन गर्न सक्छन् भन्ने कुरा निश्चित गर्न उनीहरु पर्याप्त समय लिन्थे र केही प्रश्नको जवाफ उनीहरु संगै दिन्थे । मानिसहरुको संख्या सदश्यहरुले सम्हाल्न सक्ने भन्दा बढि भएकाले, स्थानीय मण्डलीका मानिसहरुले पनि सघाउँथे ।

अर्को दिन पाष्टर वा प्रचारकले कुपन लिन्थे र बाटो मिलाएर खेलाडिहरु दुई दुई जनाको समूहमा कुपन भर्नेहरुको घर घर जान्थे र प्रथम बाइबल पाठ प्राप्त गरेकाहरु संग प्रश्नहरुमा छलफल गर्न र पवित्र आत्माको अगुवाईलाई पछ्याउँदै ख्रिष्टलाई पछ्याउने निर्णय बनाउन मानिसलाई सघाउँथे । खेलाडिले उनीहरुलाई त्यस रात वा अर्को रात हुने बाइबल अध्ययन वा सु-समाचारीय सभाको निम्ति घर वा मण्डलीमा आमन्त्रण गर्थे । खेलाडिहरु एकै ठाउँमा बसेका कारण दिन बित्दै जाँदा, सु-समाचारीय सभा २५ देखि केही सय जनाको संख्यामा बृद्धि हुँदै गए ।

जब समूहको सभा वा बाइबल अध्ययन हुन्थ्यो, पाष्टर र/वा प्रचारक त्याहाँ हुन्थे, खेलाडिहरुले उनीहरुलाई आर्कषित गरे तापनि मानिसहरुले पाष्टर वा प्रचारकको आत्मिकि अगुवापन प्रति खेलाडिहरुको आदर देख्न आवश्यक हुन्थ्यो ।

खेल खेल्ने, दुई दुई जानाको समूहमा जाने र बाइबल अध्ययन गर्ने प्रक्रिया हप्तामा पटक पटक दोहऱ्याउँथे । दश जाना खेलाडिहरु भएको कारण एकै साँझमा धेरै सभाहरु हुँदा पनि केहि फरक पर्दैन थियो; प्रत्येक रात उनीहरु पाष्टरअगुवाको निर्देशनमा प्रचार गर्न र शिक्षा दिन बाहिर जान्थे ।

शहर गाउँ गर्दै यो क्रम बारम्बार दोहऱ्याउँथे । पाष्टर र अगुवाहरुले खेलकुद सेवकाईलाई मण्डली बृद्धि र स्थापनाको माध्यमको रुपमा प्रमाणित गरे । दुईवटा अवस्थामा प्रचारकले खेलमा वितरण गरेका कुपनहरु संकलन गरे जसले धेरै परिस्थीतिमा मानिसको आत्मिक चासो पत्ता लगाउन सहयोग पुऱ्याउने काम गऱ्यो, उनीहरु संग निरन्तर भेटघाट गरे र मण्डली सुरुवात गर्नको लागि आवश्यक मानिसहरु जम्मा भए ।

यद्दपि यस जानकारीले अन्तराष्ट्रिय प्रयासको वर्णन गर्छ, स्थानीय मण्डलीले आफ्नो समुदायमा निश्चित समूह वा पूरै समुदायलाई समेटन् यस रणनीति प्रयोग गर्न सक्छ ।

***खेलकुद र चेलापन संग संगै जान्छ***

चेलापन यस्तो प्रक्रिया हो जाहाँ व्यक्तिले ख्रिष्टलाई पछ्याउँछ, ख्रिष्टवाट सिक्छ, र सिकेको कुरा लागू गर्छ । यो खासै बौद्धिक अभ्यास होइन तर जीवन चक्रको प्रक्रिया हो जाहाँ एउटा व्यक्ति आत्मिक बालकपनवाट (आत्मामा जन्मने) अगाडि बढ्छ र आत्मिकि परिपक्वतामा अघि बढ्छ (उद्धारकर्ता समक्ष प्रत्यक्ष खडा हुने दिन आउने सिद्धता) । तथापि, परिपक्वताको अन्तिम उद्देश्य विकासको अभ्यास होइन त्याहाँ ईश्वरीय उद्देश्य छ । हाम्रो परमेश्वर मुक्ति दिने परमेश्वर हुन्, जसले मानिहरुलाई आफू तिर बोलाउनु हुन्छ, उहाँले पुनरुत्पादनद्वारा बृद्धिको रणनीति अपनाउनु हुन्छ । पुनरुत्पादनको उद्देश्य पुरा गर्न कुनै पनि मानिस आत्मामा बचाइएपछि बाल्यावस्थावाट आत्मिकि परिवक्वतामा विकास हुने क्रम सुरु हुन्छ - ख्रिष्टमा जिउने जीवनको सन्देशको घोषणा संग संगै विश्वासी माझ त्यस जीवनको प्रदर्शन गरेर ।

'खेलकुद' ख्रिष्ट झैं हुने प्रक्रियाको निम्ति एउटा दह्रो माध्यम हो । खेलकुद र मनोरञ्नद्वारा 'जीवन प्रयोगशाला' निर्माण गर्न सम्भव हुन्छ ताकि मण्डलीमा, बाल कक्षामा वा बाइबल अध्ययनमा व्यक्त गरिएका 'सिद्धान्त' प्रयोग वा अभ्यास गरिन्छ । बौद्धिक रुपमा ख्रिष्टका शिक्षाहरुमा सम्मति दिनु मात्र र्पयाप्त हुँदैन (वा पाष्टर वा बाल कक्षाका शिक्षक); त्यसलाई जीवनमा प्रयोग गर्नु र्चचाको कुरा हो ।

खेलकुदको प्रतिस्पर्धात्मक प्रकृतिको कारण कडा परीक्षा सृजना हुन्छ जाहाँ विश्वास निखारिन्छ । पवीत्र आत्माद्वारा नियन्त्रित छौं भन्नु एउटा कुरा हो, र आफू ढकेलिएर वा झेलि गरेर बाहिर निकालिए पछि त्यसलाई प्रस्तुत गर्नु अर्को कुरा हो । पवित्र आत्माको फल, आत्म संयमको नियन्त्रण व्यक्तिको जीवनमा देखिनुपर्छ भनि बुझेको छु भन्नु एउटा कुरा हो र अरुले नराम्रो प्रकारले झेलि वा नियम उलंघन गरि त्यस प्रतियोगिता जितेता पनि त्यस आत्मा संयमलाई प्रस्तुत गर्नु अर्को कुरा हो ।

निम्न बुँदाहरुले खेलकुद र मनोरञ्नले पवित्रतामा बढ्ने(ख्रिष्ट झैं हुने) प्रक्रियामा किन उल्लेखनिय योगदान दिन्छ भन्ने कारण देखाउँछ :

१. किनभने खेलकुद र मनोरञ्न, गतिविधिमा आधारित छ र सहभागीहरुले काम गर्दै सिक्छन् ( सिद्धान्तवाट अभ्यास सम्म) ।

२. खेलकुद र मनोरञ्नको कारण रमाइलो वातावरण सृजना हुने हुँदा सुझावलाई अघि बढाउन सकिन्छ ।
३. खेलकुद र मनोरञ्नले दवाव मूलक स्थितिको सृजना गर्नसक्छ जसले गर्दा अपवित्र व्यवहार प्रस्तुत हुने अवस्था सृजना हुन्छ यसले गर्दा गाली, सुधार र निर्देशनले मौका पाउँछ (स्वीकार, पस्चाताप र पुनःस्थापनको मौका दिन्छ) ।
४. खेलकुदमा भएको प्रतिर्स्पधात्मक तत्वले लक्ष निर्धारण गर्ने व्यक्ति कसरी बन्ने र कसरी सहनशिलता विकास गरी त्यस लक्ष्यलाई पछ्याउने ताकि, पावलले जस्तै, हामीले पनि 'राम्रो संग लडांइ लड्यौ, दोड पूरा गर्‍यौं र विश्वास जोगाई राख्यौं' भन्न सक्छौं ।
५. खेलकुद र मनोरञ्न गतिविधिले उत्तरदायित्वको माग गर्ने वातावरणको सृजना गर्छ ।
६. खेलकुद र मनोरञ्नले सकारात्मक र नकारात्मक अवस्थामा ख्रिष्टको जीवनको नमूना प्रस्तुत गर्ने मौका दिन्छ । सम्पर्क स्थापना गरि ख्रिष्टको जस्तो व्यवहार प्रर्दशन गरिसकेपछि चेलापनमा घोषणाको माग हुन्छ ....
७. घोषणा चेलापनको सुरुवात हो, र खेलकुद र मनोरञ्जनले मानिसहरु संग संगती गर्ने मौका प्रदान गर्छ र, सुसमाचार सुनाउने मौका प्राप्त हुन्छ ।

अन्तिम विन्दु यहि हो कि प्रचारक पावलले हामीलाई सु-समाचार घोषणा गर्ने स्वतन्त्रता प्रदान गरेको छ । पहिलो कोरिन्थी ९ मा, उनले उल्लेख गरे कि उनी यति स्वतन्त्र थिए कि यहूदी माझ जान यहूदी हुन सक्छन् वा ग्रीक माझ जान ग्रीक बन्न सक्छन् । सम्बन्धित दुवै समूहको लागि यो सांस्कृतिक रुपमा अपमानजनक कुरो थियो !! यहूदी कुनै पनि हालतमा ग्रीक हुन चाँहदैन थियो वा ग्रीक पनि त्यस्तो गर्न चाँहदैन थियो, तर पावलले भने, सुसमाचार यति महत्वपूर्ण छ कि ख्रिष्टको निम्ति उनलाई त्यागिएका मूर्तिपूजक वा कठोर यहूदी हुने स्वतन्त्रता उनलाई छ । के यसको अर्थ मण्डलीले परमेश्वरको मुक्तिको सहकार्यमा महिमा दिने कार्यमा खेलकुदलाई प्रयोग गर्न स्वतन्त्र छ ? के यसको अर्थ मण्डलीले भित्रि र बाहिरि पहुँचको रणनीतिमा खेलकुद सेवकाईलाई अंगाल्न सक्छ ?

के यसको अर्थ मण्डलीको प्रचार अभियानमा प्रशिक्षक र खेलाडीलाई अन्तराष्ट्रिय क्षेत्रमा पठाउन सक्छौं ? के यसको अर्थ मण्डलीले देशका मानिसहरुलाई निर्माण गर्न सघाउन त्याहाँका मण्डली वा राष्ट्रले हराएकाहरुलाई समेट्ने र तालिम दिएर तयार पार्न खेलकुद र मनोरञ्जनलाई समावेश गर्न सक्छन् ? प्रचारक पावलले पनि योग्यता पूर्वक हाम्रो निम्ति प्रदर्शन गरे र प्रोत्साहन दिए - सबै कुरामा अधिक्तम उपलब्धि हासिल गर्न । पहिलो कोरिन्थी ९:२२ मा पावलले भनेका छन्,'म सबै प्रकारका मानिसको निम्ति सब थोक बने ताकि सब प्रकारका उपायले कसै न कसैलाई बचाउन सकूँ भनेर ।' पावलले पाप गर्नको निम्ति वा कसैको विवेकमा आँच आउने कामको निम्ति अनुमति पत्र प्रदान गर्न खोजेका भने होइनन् । वास्तवमा पहिलो कोरिन्थी ९ मा पावलले उल्लेख गरेका प्रशंग यहि हो कि सुसमाचारको निम्ति सबै प्रकारको स्वतन्त्रता छाड्न तयार हुनुपर्छ । तथापि, यस इच्छामा सुसमाचारको निम्ति दृढभावना र आफैलाई अधीनमा राख्ने कुरा संलग्न थियो जसले यस्तो प्रकारको सांस्कृतिक स्वतन्त्रता उसलाई प्राप्त भयो । पावलले सांस्कृतिक रुपमा के महत्वपूर्ण छ त्यो पत्ता लगाउँथे र सुसमाचार प्रचारमा त्यस माध्यमलाई प्रयोग गर्थे; उसले त्यसपछि संस्कृतिलाई मिल्ने गरि त्यसलाई राज्य बृद्धिको निम्ति अपनाउँथे । विश्वको संस्कृतिमा खेलकुदको महत्वलाई ध्यानमा राखेर, पावलले सुसमाचारको लागि अहिले खेलकुदलाई प्रयोग गर्थे भन्ने कुरामा कुनै संका छैन; मलाई विश्वास छ उनले मण्डली स्थापना र मण्डली बृद्धिको लागि पनि यसलाई प्रयोग गर्थे । मलाई यो पनि विश्वास छ कि उनले तिमोथी र तितसलाई पनि संस्कृति संग उपयुक्त माध्यमको रुपमा खेलकुदलाई प्रयोग गर्न सुझाव दिन्थे - यस्तो माध्यम जसद्वारा सु-समाचार घोषणा गर्न सकिन्छ, मानिसलाई ख्रिष्टमा जित्न सकिन्छ र उनीहरुलाई विश्वासमा अगाडि बढाउन सकिन्छ । उनले यसो गर्थे खेलकुद महत्वपूर्ण भएको कारण होइन, तर सु-समाचार महत्वूपर्ण भएको कारण ।

*नोटः परिशिष्टमा गरिएको व्याख्याले(पेज १५-१७) मण्डलीको कार्यमण्डल वक्तव्यको पहिचान गर्दछ; कुनै पनि व्यक्तिले मानिसहरु संगको सम्बन्धमा प्रभाव पार्नको निम्ति र मण्डलीको सेवकाईमा मानिसहरुलाई ल्याउन व्यवहारिक माध्यम, र मण्डलीमा आधारित खेलकुद सेवकाईको निम्ति कार्यमण्डल वक्तव्य जसले मण्डलीको कार्यमा यस सेवकाईको फाइदा प्रर्दशन र व्याख्या गर्दछ ।*

*परिच्छेद २*

# खेलकुद सेवकाईमा आउने प्रतिकारको सामना गर्ने

## सेवकाईको वास्तविकता

खेलकुद सेवकाईले मण्डलीको हलचल र प्रभावकारीतामा धेरै प्रकारले योगदान दिन सक्ने भएता पनि धेरै मानिसहरु अलग, प्रतिकार, र/वा मण्डलीको काम र जीवनमा खेलकुदलाई प्रवेश गराउने कुराको प्रतिकार गर्छन् । यो भिन्नता र/वा प्रतिकार तीन विशेष कारणले गर्दा आएको हुन्छः

१. दर्शन सम्बन्धी प्रतिकार – मण्डलीको सम्पूर्ण स्वरुपमा खेलकुद काहाँ अटाउँछ भनेर देख्न असक्षम हुनु । खेलकुद सेवकाईलाई एउटा सांसारिक माध्यम जसको थोरै मात्र आत्मिक मूल्य छ भनि हेरिन्छ यद्दपि, नत रणनीतिमा नत मण्डलीले जसै आराधना गर्छ, सन्तहरुलाई अगाडि बढाउँछ र हराएकोहरु माझ जान्छ यस्ता सुसज्जित परिएको प्रयासमा खेलकुदले स्थान पाउँदैन ।
२. आध्यात्मवादी प्रतिकार – परमेश्वरको मुक्तिको काममा सघाउन खेलकुदलाई लागू गराउन बाइबलीय अबाधता पहिचान गर्न नसक्नु । खेलकुद प्रति रहेको दृष्टिकोण यस्तो छ कि, त्यो सांसारिक माध्यम हो, नैतिक समस्याहरुले त्यो भरिएको छ, त्यो पाप पूर्ण छ, र त्यसलाई पन्छाइनु पर्छ – र पक्कै पनि, मण्डलीमा ल्याइनु हुँदैन । त्यस्तै प्रकारले मानिसहरुले ईसाईहरु प्रतिस्पर्धात्मक हुनु हुँदैन भनि वचनलाई प्रस्तुत गर्छन् – कि प्रतिस्पर्धा गलत हो र, त्यसकारण, मण्डलीमा भित्र्याउनु हुँदैन ।
३. व्यक्तिगत/व्यवहारिक प्रतिकार – व्यक्तिको विगतका अनुभवमा आधारित तितोपन(वा अनुभवको कमी) र नयाँ सेवकाई प्रति तुरुन्तै लाग्नु पर्ने आवश्यकताको कारण, अवरोध सृजना हुन्छ जसले प्राय खेलकुद सेवकाईको सफल कार्यान्वयनमा प्रतिबन्ध लगाउँछ ।

यि प्रत्येक क्षेत्रलाई संक्षेपमा समेटिने छ (१) गलत सोचाइमा सुधार र बुझाई ल्याउन, (२) सम्भाव्य समस्या पहिचान गर्न व्यक्तिलाई तयार पार्न, र (३) यो अवरोधमाथि विजयी हुन चाल्नु पर्ने कदम प्रस्तुत गर्न ।

२

### दर्शन सम्बन्धि प्रतिकार

'तिम्रो सेवकाईको दशर्न के हो ?' भनि कसैले सोध्छ भने उनीहरुले तिमीले गरिरहेको काम किन गरिरहेछौ भनि सोध्न खोजेका हुन् । डा. ससी कै मण्डलीको 'अभियान' सम्बन्धी विचारलाई भित्र्याउने हो भने, यसरी प्रश्न सोध्न सकिन्छ, 'मण्डलीको निम्ति *सेवकाईको दशर्न* के हो ?' यसरी सोध्नु सरह हो,'मण्डलीले गरिरहेको काम किन गरिरहेछ ?' उनको उत्तर हो,'परमेश्वरलाई महिमा ल्याउनको निम्ति ।' अर्को तर्कपूर्ण प्रश्न चाहिः 'मण्डलीले त्यो कसरी गर्दछ ?' उत्तर होः मण्डलीको आराधना, सन्तहरुको मानसिक उन्नति र हराएकाहरु माझ प्रचार गर्ने कार्यद्वारा ।

यस्तो हो भने, अर्को प्रश्न सोधिन सक्छ र त्यो होः 'कसले भन्छ ?' भन्न खोजिएको कुरा यहि हो कि मण्डली बाइबलको आदेश अनुसार चल्नु पर्दछ; पक्कै पनि, यो थाहा पाउन त्यति गाह्रो छैन । वचनले स्पष्ट पार्दछ कि परमेश्वरले आदेश दिनु भएको छ र त्यो आदेश उल्लेखित माध्यम द्वारा हासिल गरिनु पर्दछ र त्यो माध्यमलाई विशेष प्रक्रिया को आवश्यकता पर्दछ । आदेश, माध्यम र प्रक्रियामा रहेर खेलकुद सेवकाईको दर्शन स्थापना गर्न सकिन्छ जो मण्डलीको निम्ति सेवकाईको दर्शन संग एक समान हुन्छ ।

उदाहरणको निम्तिः

**आदेश**

१. मत्ति २८:१९ – 'चेला बनाउ (सबै राष्टहरुमा) ।'
२. मर्कूस १६:१५ – '(संसारको सबै ठाउँमा जाउ र) सुसमाचार प्रचार गर ।'
३. लूका २४:४७ – 'पापको क्षमादान घोषणा गरिनुपर्छ सबै संसारहरुमा) ।'
४. यूहन्ना २०:२१ – '... म पनि तिमीलाई पठाउँछु ....'

आदेश राम्रै संग स्पष्ट छ; जसले आफूलाई ईसाई भन्छ (खिष्टलाई पछ्याउने व्यक्ति) उसले खिष्टलाई र उहाँको उद्धार दिने प्रेमको सन्देश सबै संसारमा चिनाउँछ ।

यदि त्यो आदेश हो भने, यो आदेश कसरी पूरा गर्नुपर्छ त ? आदेश पूरा गर्ने माध्यम के हो ?

### *माध्यमः* ***मानिस***

प्रेरित १:८ अनुसार, येशूले प्रत्येक विश्वासीलाई उहाँको साक्षी भएर उद्धारको कार्य गर्नको निम्ति बोलावट छोडेर जानुभएको छ यस बोलावटलाई तीन विशिष्ट तरिकाले हेर्न सकिन्छः

१. **साधारण बोलावट** – (मत्ति ४:१९; मर्कूस १:१७) जून व्यक्तिले आफूलाई 'चेला' भन्छ उ 'मानिसहरुलाई जाल हाल्ने हुनुपर्छ ।'

२. **व्यक्तिगत बोलावट** – (दोस्रो कारिन्थी ५:१७-२०) 'खिष्टमा नयाँ सृष्टि' हुन मिलापको सन्देशको दास( सेवक) र येशू खिष्टको व्यक्तिगत प्रतिनिधि(राजदूत) बन्दछ ।

३. **विशेष विशिष्ट बोलावट** – (प्रेरित ११, १३, १५, १६) प्रभुलाई र सुसमाचारको सन्देशको सेवा गर्ने व्यक्तिको रुपमा, हामीले प्राय आफू संग बरदान, क्षमता भएका वा आफू जन्मेको ठाउँ अदभूत भएको, पाउँदछौं र हाम्रो उपलब्धि जसले हाम्रो घोषणालाई अझ तीखो बनाउँछ । सीलास, वारनाबास, यूहन्ना र मर्कूसलाई सम्लग्न गराउने पावलको छनौट जाहाँ ग्रीक कूलमा र यहूदी कूलमा जन्मेकाहरुलाई समावेश गरे, व्यक्तिगत भिन्नतामा गरिएको छनौट तिर लक्षित हुन्छ जसले गर्दा सुसमाचारको निम्ति लाभदायक बनायो ।

यसमा लागू हुने कुरा यो हो कि त्यो व्यक्ति परमेश्वरको उद्धारको कार्यमा लाग्नको निम्ति बोलाइएको छ । यो कामको निम्ति उसलाई बोलाइएको छ र उसको व्यक्तिगत विलक्षणले गर्दा कार्य अझ सजिलो हुन गएको पाउँदछौं ... **यद्दपि खेलाडिको रुपमा पृथक भएकोले वा खेलाडि कै रुपमा सुसमाचारमा ढल्किएको कारण ।**

### *माध्यमः* ***मण्डली***

प्रेरितमा जसै हामी मण्डली विकास भएको देख्छौं र पहिलो र दोस्रो तिमोथी र तितसमा उल्लेख भएको निश्चित स्तर र मार्गदर्शन हेर्दा हामीले मण्डली खिष्टको देह हो भन्ने कुरा देख्न सक्छौं ... स्थानीय र विश्वव्यापी रुपमा । मानिस कहिले पनि मण्डलीवाट अलग भएर काम गर्न भनि निर्धारण भएको होइन; मण्डली परमेश्वरको कार्य हो, यद्दपि मानिस उहाँको प्रतिनिधि हो । मण्डलीले जसै परमेश्वरलाई महिमा दिन खेज्छ, उ आराधनाको निम्ति भेला हुन्छ – अति महत्वर्पूण परमेश्वर संगको प्रत्यक्ष मिलाप कायम गर्न; उ प्रोत्साहित गराउने उद्देश्यले भेला हुन्छ – सन्तहरुलाई सुसज्जित र परिपक्व बनाउन र खिष्टको पूर्णतामा निर्माण गर्न; र माहान आज्ञा पूरा गर्न र परमेश्वरको विश्वव्यापि उद्धारको कार्य पूरा गर्न सुसमाचार प्रचारको निम्ति भेला हुन्छन् ।

### ***विधि प्रणाली***

मानिसले मण्डलीको संरचनामा रहेर परमेश्वरको आदेश पालना गरिरहेको छ (जसको सम्पूर्ण प्रक्रिया परमेश्वरलाई महिमा प्रदान गर्ने कुरामा लक्षित छ) । एउटै मात्र प्रश्न सोधिनु पर्दछ किः 'यो आदेश मानिस र मण्डलीले कसरी अंगाल्ने ?' यदि 'किन ?' भन्ने कुरा परमेश्वरको महिमाको निम्ति भनि बुझियो, र 'कसरी' भन्ने कुरा लक्ष्य संग मिल्ने हुनुपर्छ । जसको अर्थ विधि प्रणली पहिचान गर्नु पर्दछ यसले मानिस र मण्डलीलाई उच्चत्तम विन्दू सम्म बाइबल संरचनामा प्रभावकारीता प्राप्त गर्न सहयोग गर्दछ । यदि, खेलकुद सेवकाईको काम, सांस्कृतिक प्रसंगोचित रुपमा विकास गरियो र परमेश्वरले दिनुभएको आदेश रणनीति बनाएर अगाडि बढाइयो भने गहकिलो सैद्धान्तिक आधार स्थापना हुन्छ ।(परिच्छेद १ हेर्नुहोस्)

## ३

## आध्यात्मवादी प्रतिकार

प्राय जसो खेलकुद सेवकाईमा आध्यात्मवादी प्रतिकार रद्दी शास्त्री वा बाइबल परिक्षणको पूर्वाग्रह शून्य भएको कारण आउँछ । वास्तविकता यहि हो कि वचनमा खेलकुद र/वा खेलकुद सेवकाईको बारेमा थोरै मात्र प्रत्यक्ष वक्तव्य पाउन सकिन्छ । तथापि, बाइबलमा खेलकुद सेवकाईको अनुमोदन पाउन सकिन्न; यद्दपि, तर सिद्धान्त पाउन भने कठिन छैन – सिद्धान्त जसले विधि प्रणालीको प्रयोगको निम्ति स्पष्ट आधार दिन्छ ।

*नोटः जबकी वचनमा खेलकुद सेवकाईको अनुमोदनको विशिष्ट निर्देशन पाउन सकिन्न, त्यसै गरि खेलकुद सेवकाई प्रति समालोचक र प्रतिबन्ध लगाउने तत्वहरुको निम्ति पनि बचनमा विशिष्ट निर्देशन पाउन गाह्रो हुन्छ । वचनका लेखकहरुले जब ईसाई अनुभवलाई प्रस्ट पार्ने क्रमा बारम्बार खेलाडिको उल्लेख गरे यो निरर्थक बहस थिएन । पवित्र आत्मा परमेश्वर भएको हुँदा र परमेश्वर सर्वज्ञानी भएको हुँदा र उहाँको सर्वसत्ताधारी इच्छा विकार रहित छ, पक्कै पनि खेलकुद संगको पर्वाग्रह र संभाव्य सम्वन्ध पावलले गरेको तुलना पवित्र आत्मालाई जानकारी थियो जसै उहाँले पावललाई प्रेरित गर्नुभयो । यदि आजको संस्कृतिमा समस्या आउने भए, के पवित्र आत्माले हामीलाई सावधान गराउनु हुने थिएन ? परमेश्वरको कार्यको निम्ति मौन रहनु खेलकुद सेवकाईको समावेशको निम्ति बलियो बहस हो ।*

***वचनको सिद्धान्तहरु***

यदि वचन ‘विशिष्ट रुपमा मौन’ छ खेलकुदको बारेमा भने मण्डलीमा खेलकुदलाई समावेश गर्न बाइबल कसरी प्रतिरक्षात्मक छ भनि ठहराउन सक्छ ? बाइबलीय आधार(वचनले स्वीकृत गरेको स्वतन्त्रता) सिद्धान्तमा पाउन सकिन्छ । बाइबलले स्वीकृत गरेको सिद्धान्त निम्न प्रकारका छन्ः (यस सिद्धान्तहरुमा गरिएको छलफल विस्तृत रुपमा र्चच स्पोर्ट्स इन्टरनेस्नलले निकालेको पुस्तिका ***‘खेलकुद सेवकाईको आध्यात्मशास्त्र’*** मा पाउन सकिन्छ ।

१. **दैवीक भेद** – पूरानो र नयाँ करारमा भएको परमेश्वरको प्रकृति, स्वभाव, सृजनात्मक कार्य र सेवकाईले गर्दा हाम्रो परमेश्वरमा अत्यधिक विविधता छन् भन्ने कुरा जान्न सक्छौं; उहाँले आफ्नो इच्छा पूरा गर्न एक भन्दा बढि तरिका अपनाउनु भयो । उत्पत्ति १ः२६ र २७ मा उल्लेख भए अनुसार, परमेश्वरले हामीलाई उहाँको स्वरुपमा सृजना गर्नुभयो । हाम्रो सृजनात्मक स्वभाव के परमेश्वर जस्तै हुने एउटा तरिका हुनसक्छ ? तथ्य यहि हो कि जसरी परमेश्वर आफ्नो कार्य पूरा गर्न सृजनात्मक थिए, उहाँको सृष्टि पनि सृष्टिकर्ता जस्तै सृजनात्मक हुन आवश्यक छ ।

२. **मानवीय बरदान** – भजन संग्रह अनुसार, प्रत्येक मानिसको सृजनामा परमेश्वर नजीकवाट संलग्न छन्(कल्पना, बरदान, जन्म); तथापि भजन संग्रहमा भएको हिब्रु शब्दले हामीलाई भित्रि(प्राण) र वाहिरि(रचना) रुपमा हामी जस्तो होस् भन्ने चाहनुभएको थियो त्यस्तै बनाउनु भएको छ( दक्षतापूर्वक प्रभाव पारिएको) । यो व्यक्तिगत बरदान भएको प्रस्थान ३५ र ३६ मा देख्न सकिन्छ जाहाँ परमेश्वरले वेदि(परमेश्वरको वासस्थान) बनाउनको लागि निर्माताहरुलाई दक्षता प्रदान गर्नुभएको हामी जान्न सक्छौं । नयाँ करारमा, विश्वासीहरुले त्यो वासस्थान(व्यक्तिगत र समूहगत रुपमा) ‘परमेश्वरको आत्मिक घर’ बनाउन निरन्तरता दिन्छन् भन्ने कुरा पत्रुसले सिकाउँछन् । व्यक्तिगत सीप र दक्षताद्वारा परमेश्वरको उद्देश्य पूरा हुन्छ – ख्रिष्टमा मानिसहरुलाई जितेर – र परमेश्वरको राज्य निर्माणमा सहभागी भएर ।

३. **स्वाधीनता** – पहिलो कोरिन्थी ९ मा, प्रेरित पावलले व्यक्तिगत परिस्थिती सगं सम्बन्धित समालेचकहरुलाई जवाफ दिइरहेका थिए; उनले ‘म ख्रिष्टमा स्वतन्त्र छु’ भनि नवौं अध्यायको सुरुवात गरेका पाउँछौं । एकल वा विवाहित वा पाल बनाउने वा मण्डलीको सहयोग छ भन्ने कुरा र्चचाको विषय होइन; र्चचा चाहि सुसमाचारको घोषणा हो । कोहि खेलाडि वा पाष्टर, बाल कक्षामा कार्यरत वा प्रशिक्षक हो त्यो पनि र्चचाको विषय हुनु हुँदैन; सुसमाचारको निम्ति ईसाई स्वतन्त्र छ भन्ने कुराको र्चचा हुनु पर्छ ।

४. **औचित्य** – अधिक्त्तम प्रतिफल प्राप्त गर्न अति प्रभावकारि माध्यम प्रयोग गर्ने रणनीति विश्वासीको आचार–संहिता हुनुपर्छ । पावलले पहिलो कोरिन्थी ९ मा, निश्चित मानिसहरुको समूहमा पुग्न उन्नी यहूदी वा ग्रीक बन्छु भनि जब भने उनले दह्रो सांस्कृतिक सुझावमा लक्षित गरे । तब उनले भने, ‘... केहीलाई बचाउन, म सबै प्रकारको मानिसको निम्ति सबै मध्यमद्वारा, सबै थोक बन्छु ।’ पावलले ख्रिष्ट प्रचार गर्नको निम्ति सांस्कृतिक र व्यक्तिगत रुपमा संवेदनशील हुनु भन्ने उपदेश हामीलाई दिएका हुन् । पक्कै पनि पावलले संस्कृति संग मेल खाने माध्यम भएकाले खेलकुदलाई सुसमाचारको निम्ति प्रयोग गर्ने थिए; बास्तवमा, विश्वासी जीवनको बारेमा सम्झाउन पावलले बारम्बार खेलकुदको अलंकार प्रयोग गरे ।

सुसमाचरको सन्देश सहित 'पठाइएको व्यक्ति' को रुपमा, मण्डलीले त्यस सन्देशलाई सबै भन्दा प्रभावकारी रुपमा संचार गर्नको निम्ति माध्यम पत्ता लगाउन आवश्यक हुन्छ । 'सन्त निर्माण गर्न' जिम्मेवार भएको प्रतिनिधिको रुपमा मण्डलीले उत्कृष्ट शिक्षकहरु काममा लगाउनुपर्छ – विशेष गरि यदि त्यो 'शिक्षक' खेलकुद हो भने, किनभने धेरै मानिसहरु संग 'त्यो किताब छ' ।

***बाइबलद्वारा प्रतिरक्षात्मक***

खेलकुद सेवकाई बाइबलद्वारा प्रतिरक्षात्मक छ । यस सिद्धान्तलाई सर्मथन गर्ने पर्याप्त पदहरु छन् – सिद्धान्त, जसले सर्मथन मात्र गर्दैन, तर साधनको सन्दर्भमा योग्यता प्रदान गर्ने कार्य पनि गर्दछ । आफ्नो समयलाई अधिकत्तम रुपमा प्रयोग गर्नु भनि वचनले भन्छ... अर्को शब्दमा भन्नु पर्दा, जति सक्दो प्रभावकारी हुनु । खेलकुद सेवकाईले मण्डलीलाई त्यो सामर्थ दिन्छ ।

## ४

## व्यक्तिगत/व्यवहारिक प्रतिकार

***घमण्ड वा अलमल्ल पर्नु***

धेरै मानिसहरु व्यक्तिगत कारणले गर्दा खेलकुद सेवकाईलाई प्रतिकार गर्छन्... यि प्राय खेलकुद संग सम्बन्धीत नकारात्मक अनुभवहरुको कारण विकास भएका पूर्वाग्रह हुन् । कहिले काँहि यो घमण्डको विषय पनि हो – त्यस्ता व्यक्ति छिमेकमा भएको खेलमा अन्तिममा छनौटमा परेको हुनसक्छ र कहिले पनि खेलमा सहभागि हुँदिन भनि सोंच बनाएको हुनसक्छ ।

कहिले काँहि यो अलमल्लमा परेको वा होच्याइएको कारण हुनसक्छ शारीरिक शिक्षाका शिक्षक वा प्रशिक्षकले उनीहरुको मानमा प्रहार गरेको र उनीहरुले खेलकुदलाई घृणा गर्ने प्रण गरेको हुनसक्छ ।

***तटस्थ***

विचारद्वारा प्रतिबन्ध गरिएको भन्दा तटस्थ हुनुको प्रतिफल खेलकुद विरोधि हुनुको कारण हुनसक्छ । आजका मण्डलीहरुको वास्तविकता यो छ कि प्राय कर्मचारी र अगुवाहरु कहिल्यै खेलकुदमा संलग्न भएका छैनन् । त्याहाँ अपवादहरु पनि छन्, तर, मुख्य रुपमा भन्नु पर्दा, धेरैले यसलाई लागू गरेका छैनन्, पाष्टर, कर्मचारी र अगुवाद्वारा खेलकुद सेवकाईलाई स्वीकृति र अपनाउने काम नगरे सम्म सेवकाई सफल हुदैन ।

## ५

## रुपदर्शन परिवर्तन

व्यक्तिगत विभिन्नता वा पूर्वगतिका र्चचाहरु बाहेक अर्को व्यवहारिक समस्या रुपदर्शन परिवर्तनको नयाँ आव्हानवाट उब्जिएको छ । चलन चल्तीमा भएको वा स्तर तोकिएको तरिकाद्वारा कुनै पनि पक्षलाई हेर्ने प्रकृयालाई रुपदर्शन भन्ने बुझाउँछ; यो हाम्रो 'स्वीकार्ने वा काम गर्ने तरिका' हो । जब कोहि नयाँ विचार लिएर आउँछ, त्यो प्रचलित रुपदर्शनको अगाडिवाट उडेर जान्छ । रुपदर्शन परिवर्तनलाई *परिवर्तन* भनेर व्याख्या गर्न सकिन्छ ।

***परिवर्तन***

जब तपाई खेलकुद सेवकाईलाई मण्डलीमा ल्याउन चाहनुहुन्छ, मण्डलीको 'संरचनाले' प्रतिकार गर्छ किनभने यसले परिवर्तनको प्रतिनिधित्व गर्दछ । त्यो विचार राम्रो होस् वा नराम्रो त्यसले फरक पारेको होइन, त्यो भिन्न छ र प्रयासलाई विफल पार्न त्यति नै पर्याप्त छ । कहिलेकांही, प्रतिकार 'कठोर मानसिकताको' प्रतिफल हुन्छ, यस्तो दृष्टिकोण जो बचाउभावको विचारवाट सृजना हुन्छ जसले आफ्नो सेवकाईलाई जोगाइ रख्न चाहन्छ – नयाँ सेवकाई त्याग्नु परे तापनि । संर्घष प्रायजसो वित्तिय क्षेत्र संग सम्बन्धीत हुन्छ – 'यस नयाँ सेवकाईले मेरो बजेटवाट केही खर्च हुनसक्छ'; सुवीधाहरु – 'तिम्रो अर्थ मैले आफ्नो कोठा वा कोठाहरु यो नयाँ सेवकाईको लागि त्याग्नु पर्छ ? र व्यक्तिगत – 'नयाँ सेवकाईको कारण मेरा कर्मचारी वा अगुवाहरु गुमाउनु पर्ने वातावरण सृजना हुनसक्छ ।' पक्कै पनि, यि प्रत्येक र्चचाहरुको निम्ति उपयुक्त प्रतिक्रियाहरु छन्, तर प्रतिकारको संभाव्यताको उत्तर दिन अगुवापनमा उत्तेजना र शिक्षाको अति नै आवश्यक छ । परिवर्तनलाई निम्न कारणहरुले गर्दा प्रतिकार आउने गर्दछ; यो उल्लेख गरिनुको कारण खेलकुद सेवकाई सुरुवात गर्न चाहनेलाई कुन कुन अवरोध उसले सामना गर्नुपर्छ भन्ने कुरा थाहा हुन आवश्यक हुन्छ र त्यस्ता अवरोधहरु माथि विजयी हुन रणनीतिको विकास गर्नु पर्ने हुन्छ ।

नोटः र्चच स्पोर्ट्स इन्टरनेशनलले 'खेलकुद सेवकाई र मण्डली' सम्बन्धी सेमिनार र संग संगै 'खेलकुद सेवकाईको योजना' सम्बन्धि सेमिनार पनि प्रदान गर्दछ जसले यि समस्याहरुको र कसरी यसमथि विजय हासिल गने भन्ने विषयमा अध्ययन गर्दछ । जानकारीको निम्ति र्चच स्पोर्ट्स इन्टरनेश्नलको कार्यालयमा सर्म्पक गर्न सक्नुहुन्छ ।

***रुपदर्शन परिवर्तन माथि प्रतिकार***

१. पद भ्रंश गरिएको सोच्नु
२. नयाँ बिधि प्रणालीले ऐतिहासिक बिधि प्रणालीको औचित्य माथि प्रश्न गर्छ भन्ने अनुभुति
३. सुधारको आवश्यकता र्सजना गर्दछ (मेल मिलाप, सहकारिता)
४. थाहा नभएको कुराको भए
५. व्यक्तिगत झंझट
६. मण्डलीको सेवकाईमा झंझट् (खेलकुद सेवकाईः सेवकाईमा विपक्षी वा हिस्सेदार ?)
    क) बजेट – 'के मेरो सेवकाईमा कम रकम हुनेछ किनभने खेलकुद सेवकाई थपियो ?'
    ख) व्यक्तिगत – 'के मैले स्वयंसेवकहरु यस नयाँ सेवकाईको कारण गुमाउनु पर्छ ?'
    ग) सुविधा – 'के मैले मेरो कोठा वा व्यायाम स्थल बाँड्नुपर्छ ?'
    घ) कार्यक्रम – 'के खेलकुद सेवकाईले मेरो सेवकाईलाई असर गर्छ ?

यि सबै सर्न्दभहरुमा काम गर्दै जाँदा, तपाईले यो कुरा याद गर्नुपर्छ कि, बाइबलले मण्डलीलाई देहको रुपमा पहिचान गर्दछ – वा परिवारको रुपमा पनि परिचित गराइएको पाउँदछौं, र परिवारमा सन्तानहरु माझ कलह हुन सक्छ । यो अति नै आवश्यक छ कि, जब खेलकुद सेवकाईलाई कर्मचारी, मण्डलीको अगुवा( मण्डलीको संचालक) र जन साधारणहरु माझ परिचित गराईन्छ सावधानी पूर्वक प्रस्तुत गर्ने प्रक्रियालाई व्यवस्थित गर्नु पर्दछ ।

## चेताउनी

खेलकुद सेवकाईको एउटा फाइदा भनेको यो खर्चको हिसावले प्रभावकारी छ । यो वक्तव्यको अर्थ यहि हो कि खेलकुदको लोकप्रियताको कारण र मानिसहरु सामुदायिक वा व्यक्तिगत मनोरञ्जनको कार्यक्रममा संलग्न हुन रकम तिर्न तयार हुने हुँदा, मण्डलीले यस्ता कार्यक्रम संग जोडिएका धेरै खर्चहरु उठेकै रकमवाट तिर्न सक्छन्; तथापि, मण्डलीले खेलकुद सेवकाईलाई रकम जम्मा गर्ने माध्यम ( कार्यक्रममा आवश्यक भन्दा बढि शुल्क उठाउने ताकि बढि रकम उठाएर कर्मचारीको, सुविधा वा अन्य सेवकाई वा मण्डलीको आर्थिक आवश्यकता पूरा गर्ने) को रुपमा हेर्ने शैलिवाट भने आफैलाई जोगाउनु पर्छ । यसो गर्नुको परिणाम मानिसले तिर्न सक्ने भन्दा बढि शुल्क लागाउने स्थीति सृजना हुन्छ – त्यस्ता व्यक्तिहरुलाई जसलाई तपाई सुसमाचार सुनाउन चाहनुहुन्छ । यसो गर्नुको अर्को परिणाम तपाईले खेलकुद सेवाकाईका सेवक (जसले यो सेवाकाईलाई अगुवाई गरेको हुन्छ) लाई परमेश्वरका भेंडाका गोठालोको रुपमा नभई एउटा मजदूर बनाउनुहुन्छ । जब तपाईले जिम्मेवारी दिनुहुन्छ, तपाईले अधिकार पनि दिनुपर्छ । यसको अगुवालाई एउटा कर्मचारीको रुपमा लिइनुपर्छ ... चाहे त्यो पूरा दिन काम गर्ने होस्, केही घण्टा मात्र काम गर्ने होस् वा दासको रुपमा काम गर्ने होस् ।

## निर्श्कषमा

जसै मण्डलीले खेलकुद सेवकाईलाई स्वीकार गर्छ र मण्डलीको अभियानको वक्तव्य संग मिल्ने खेलकुद सेवकाईको सिद्धान्त विकास गर्छ, त्यस्तो सर्न्दभहरु माथि विचार गर्नुपर्छ जो दर्शनशास्त्र, धर्मशास्त्र र व्यक्तिगत/सेवकाई प्रयोग संग सम्बन्धीत छ । पारिभाषिक शब्द, सिमाना, सम्भाव्यता र सेवकाईको स्थान जस्ता सबै विषयहरुका बारेमा निश्चित गर्नु आवश्यक हुन्छ ।

**अभियानको वक्तव्य**

सफल हुनको निम्ति खेलकुद सेवकाईमा स्पष्ट कार्यमण्डल वक्तव्य हुनु पर्छ जसले मण्डलीको सम्पूर्ण कार्यक्रममा आफ्नो 'स्थान' निश्चित गर्दछ । मण्डलीमा खेलकुद सेवकाईको बारेमा असमझदारी आउन नदिन यो सबै भन्दा पहिलो र महत्वपूर्ण कदम हो । खेलकुद सेवकाईलाई बाइबलद्वारा परिभाषित गरिनु पर्छ र 'राज्यको लक्ष्य' संग मिल्नु पर्छ ताकि खेलकुद सेवकाई केवल कार्यक्रम मात्र नबनोस ।

***अगुवाको समर्थन***

मौखिक र वास्तविक सहयोग गरेर अगुवाले दर्शनलाई 'स्वीकार' गरेको हुन्छ । कुनै पनि प्रयास सुरु हुनु अघि नै आफ्नो बनाउने काम गर्नु पर्छ । पाष्टरको निर्देशन विना कुनै पनि नयाँ सेवकाई सफलता पूर्वक संचालन हुन सक्दैन । अगुवाको समूहलाई संलग्न गराउनु पर्छ र तालिम दिइनु पर्छ र कार्यक्रमलाई पनि ध्यान पूर्वक विकास गरिनु पर्छ । मण्डलीलाई शिक्षित बनाउनुपर्छ र हराएका माझ पुग्न र विश्वासमा निर्माण गर्न यस सेवकाईमा संलग्न हुन प्रेरित गर्नुपर्दछ ।

***कार्यक्रम विकास र प्रयोजनका निम्ति रणनीति***

खेलकुद सेवकाईलाई मण्डलीमा विकास र प्रयोजन गर्नको निम्ति ध्यानपूर्वक, तर्कयुक्त, स्पष्टविचार भएको रणनीतिको अत्यन्त आवश्यकता हुन्छ । ठिक व्यक्ति संलग्न हुन आवश्यक हुन्छ, जो संग दृढ इच्छा छ, ठिक योजना समायोजन गर्छ,उचित व्यक्तिलाई समावेश गर्छ र तालिम दिन्छ, ठिक प्रकारको कार्यक्रम विकास गर्न, जसलाई ध्यान पूर्वक प्रर्वतन गरिन्छ, र ठिक प्रक्रियाद्वारा परिश्रम गरेर नियन्त्रित ढंगले अगाडि बढाइन्छ । जब यो सबै कुरा पूरा गरिन्छ, यस सेवकाईले बाहिरि सुसमाचार प्रचार, भित्रि चेलापन विकासमा सहयोग गर्दछ र परमेश्वरको राज्यको कामलाई अघि बढाउँछ जसै मण्डलीले परमेश्वरलाई महिमा दिन्छ र उहाँको उद्देश्य पूरा गर्छ ।

# परिशिष्ट


पेज

मण्डलीको अभियान १
मण्डलीको अभियान वक्तव्य

गतिशिल सम्बन्ध – मण्डली संग सम्बन्धमा जोड्ने १
हराएकाहरु संगको सम्बन्ध र मण्डलीको सेवकाईमा हराएकाहरुलाई आर्कषीत गर्न व्यक्तिगत प्रयोगको लागि व्यवहारिक माध्यम

खेलकुद सेवकाईको अभियान वक्तब्य १
मण्डलीको अभियानमा यस सेवकाईद्वारा हुने फाइदा प्रदर्शन र व्यख्या गर्ने मण्डलीमा आधारित खेलकुद सेवकाईको अभियान बक्तव्य

**र्चच स्पोर्टस् इन्टरनेशनल** सामग्रीहरु १

# मण्डलीको अभियान

परमेश्वरको प्रेमको प्रतिक्रियामा, यस पृथ्वीमा हाम्रो कार्य भनेको व्यक्तिहरुमा र परिवारहरुमा परमेश्वर संगको स्नेहपूर्ण, अति आवश्यक, र वृद्धि हुने सम्बन्ध स्थापना गराउने र अरुलाई पनि त्यस्तै सम्बन्धमा ल्याउन सक्ने हुनको निम्ति तयार पार्ने ।

**आराधना** | **निर्माण** | **प्रचार**



**प्रकाश ४:११**
हामी परमेश्वरलाई आदर गर्छौं र उहाँ प्रतिको हाम्रो प्रेममा बढदै जान्छौ जसले हामीलाई ...

**एफिसी ४:११-१३**
हामी ख्रिष्टमा अघि बढछौं, र वरदानको अभ्यास गर्ने कुरामा परिपक्व बन्छौ जसले हामीलाई..

**लूका २४:४७**
हामी आफ्नो 'शरीरलाई' सुसमाचरद्वारा संसारको सेवा गर्ने काममा लगाउन समायोजन गर्छौं ।

## माहान आज्ञाको उन्नति

**परमेश्वर**



पाष्टर/शिक्षक कर्मचारी र एल्डरहरु

एफिसी ४:११

⬇

अगुवाहरु जो कर्मचारी होइनन्
एफिसी ४:१२

⬇

**'ख्रिष्टको देह'**

व्यक्तिगत - २ कोरिन्थी ५:१७-२०
सेवकहरु
राजदूतहरु

सामूहिक - मत्ति २८:१९, २०
दीक्षदान - जाने
घोषणा - (कल्पित)
पहिचान - बप्तीस्मा
परिपक्वता - शिक्षा
महिमा - निरन्तर

## गतिशिल सम्बन्ध – मण्डली संग सम्बन्धमा जोडिने

# व्यक्तिगत



मित्र
नाता
सहर्कमी
छिमेकी



# सामूहिक



सेवकाईहरु
वयस्क
मानिसहरु
महिलाहरु
एकल
युवा
नानीहरु
खेलकुद
बृद्ध
संगीत
संचार

रिट्रिट, क्यम्पस, रात्री भोज, मेलामा स्टल, सांगीतिक कार्यक्रम, खेलकुद

सत्कार, पाहुना ग्रहण, पाहुनाहरुलाई निरन्तरता दिने

संयुक्त हुने, आफ्नो बनाउनु, तयारी गर्नु

### समुदाय

(भौगोलिक क्षेत्रमा हुने प्रभाव)



### विशिष्ट समुदाय

आपतकालीन प्रसुति गृह
हेरिटेज होम
शहरी सेवकाई
अस्वस्थहरुलाई सेवा
जनजाती सेवकाई
जवानहरु वीच काम
जेल

### संसार

तर पवित्र आत्मा तिमीहरुमा आउनुभएपछि तिमीहरुले शक्ति पाउनेछौ, र तिमीहरु यरुशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरो साक्षी हुनेछौ ।

प्रेरित १:८

# खेलकुद सेवकाईको अभियान वक्तब्य

**मण्डलीको अभियान**




| आराधना | निर्माण | प्रचार |
|---|---|---|

**खेलकुद सेवकाईको अभियान वक्तव्य**

**संगती र मित्रता**

विश्वासीद्वारा विश्वासीलाई (हिब्रू १०:२४; प्रेरित २:४२; गलाती ६:२)
विश्वासीद्वारा अविश्वासीलाई (पहिलो कोरिन्थी ९:२२; मत्ति ५:१६; दोस्रो कोरिन्थी ५:२०)

**प्रचार**

सुसमाचार आनुसारको जीवन जीउने (यूहन्ना १४:२७; एफिसी ४:३२; यूहन्ना १३:३५)
सुसमाचार सुनाउने (मर्कूस १६:१५; प्रेरित १०:४२; दोस्रो कोरिन्थी ५:१८)

**चेलापन**

ख्रिष्टमा जग बसाल्नु (एफिसी ४:१२,१३; दोस्रो पत्रुस ३:१८; रोमी १३:१४)
ख्रिष्टमा अघि बढ्नु (रोमी ८:२९; यूहन्ना ३:३; फिलेमोन १:६)

**सम्पूर्ण रुपले आफ्नो बनाउनु**

संगतीमा सहभागी हुने (मत्ति २२:९; ५:१३–१६; पहिलो पत्रुस ३:८,९)
देहमा जोडिनु (एफिसी १:१३; पहिलो कारिन्थी १२:१३,१४; रोमी ११)

**खेलकुद सेवकाईले कसरी मण्डलीलाई सहयोग पुऱ्याउँछ**

१. मण्डलीको अभियानलाई सहज बनाउँछ
२. सेवकाईहरुका सेवक
३. माहान आज्ञाका हिस्सेदार
४. देहको जीवनलाई प्रेरणा दिन्छ
५. सांस्कृति संग मिल्ने खालको मध्यस्त
६. मित्रता मार्फत गरिने प्रचारको माध्यम
७. सेवाको निम्ति प्रवेश विन्दू
८. पछि हट्ने क्रम रोक्छ
९. अगुवापनको तालिम
१०. परमेश्वरको बोलावटको लागि मार्ग
११. आत्मिकी प्रयोगशाला प्रदान गर्छ
१२. दृष्टान्तद्वारा दिइने सुझावको बातावरण सृजना गर्छ
१३. प्रयोगात्मक विश्वासलाई प्रेरणा दिन्छ
१४. खर्चको हिसाबले प्रभावकारी